छैटौं बैठक

आज मिति २०७९/०३/०९ गतेका दिन दिउँसो ३ :०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री सेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १५) | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | श्री मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३) | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४) | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५) | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६) | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७) | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८) | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९) | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०) | श्री रामलाल श्रेष्ठ | प्र.प्र.अ/ सचिव | |

**निर्णय नं. १:**

यस धनगढी उप-महानगरपालिकाको राजस्व परामर्श समितिको मिति २०७९/०३/०६ र २०७९/०३/०९ गते बसेको बैठकबाट आगामी आ.व. २०७९/०८० को लागि बहालकर प्रयोजनका लागि नयाँ न्युनतम घर भाडा दर कायम गर्नेरअन्यकर शुल्क, सेवा शुल्क र दस्तुर यथावत दर कायम गर्न सिफारिश भई आएकोमा आर्थिक विधेयक २०७९ मा समावेश गरि आगामी नगर सभाको बैठकमा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. २:**

यस उप-महानगरपालिका कार्यालय संग सम्झौता गरि तोकिएको समयावधि भित्र कार्य सम्पन्न नगरी योजना अलपत्र पार्ने निर्माण व्यावसायीहरुलाई छिटो काम सम्पन्न गर्न लगाउने । अन्यथा निर्माण व्यावसायी संगको सम्झौता बदर गरि ति निर्माण व्यावसायीहरुलाई कालो सुचिमा राख्न आवश्यक कारवाही अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ३:**

यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्रका मुख्य-मुख्य सडकहरुमा आधुनिक सडक बत्ति जडान सम्बन्धमा (कुल लागतमा धनगढी उप-महानगरपालिकाको ६०% र नेपाल विधुत प्राधिकरणको ४०% नगद लागत साझेदारीमा) धनगढी उप-महानगरपालिका र नेपाल विधुत प्राधिकरण बीच सहमति पत्रमा हस्ताक्षर गर्ने निर्णय गरियो।

**निर्णय नं. ४:**

यस धनगढी उप-महानगरपालिका को बजेट तथा कार्यक्रम तर्जुमा समिति बाट सिफारिश भई आएको धनगढी उप-महानगरपालिकाको आगामी आ.व. २०७९/०८० को देहाय बमोजिमको व्यय अनुमान र क्षेत्रगत बाडफाँट सहितको बिनियोजन बिधेयक २०७९ आगामी नगर सभाको बैठकमा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

**कुल व्यय तर्फः**१ अर्ब ८३ करोड ८९ लाख २४ हजारमध्य चालु खर्च तर्फः १ अर्ब ३ करोड १९ लाख ७० हजार र पूँजीगत तर्फः ८० करोड ६९ लाख ५४ हजार बजेट बिनियोजन गरिएको छ।

**क्षेत्रगत व्यय विवरणः**

- आर्थिक विकास क्षेत्र तर्फः १४ करोड ४२ लाख ११ हजार
- सामाजिक विकास क्षेत्र तर्फः ७४ करोड ७८ लाख ३३ हजार
- पूर्वाधार विकास क्षेत्र तर्फः ४१ करोड १३ लाख ३१ हजार
- शुसाशन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फः ७ करोड ७३ लाख २१ हजार
- कार्यालय संचालन प्रशासनिक खर्च तर्फः ४१ करोड ८५ लाख ७ हजार
- भैपरी पूँजीगत तर्फः ३ करोड ९७ लाख २१ हजार